रुपनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

☎०३१-४५००३५

प.सं.:-२०७८/०७९
च.नं.:-१६६५

मितिः-२०७९/०२/२५

श्री सरोकारवालाहरु सबै
रुपनी गाउँपालिका,रुपनी,सप्तरी ।

विषय :- राय सुझाव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व.२०७९/०८० को निति ,कार्यक्रम तथा बजेट तर्जुमाको लागि यहाँहरुको महत्वपूर्ण राय,सुझाव गाउँपालिकाको कार्यालयमा मौखिक र लिखित रुपमा उपलब्ध गराई दिनुहुन सम्बनिधत सबै सरोकारवाला (शिक्षाप्रेमी,प्राविधिक,स्वास्थ्यकर्मी,बुद्धिजीवी,समाजसेवी,विकासप्रेमी,युवा,किसान) मा हार्दिक अनुरोध छ ।
साथै तल दिइएको इमेलबाट समेत आफ्नो राय ,सुझाव पेश गर्न सबै सरोकारवालाहरुमा जानकारी गराईन्छ ।

............०७९-२-२५
दिनेश कुमार यादव
गाउँपालिका अध्यक्ष
दिनेश कुमार यादव
अध्यक्ष

<u>सम्पर्क व्यक्ति :-</u>
श्री जामुन कुमार दास ,सुचना प्रविधि शाखा (९८६२१५५२८२)
इमेल -rupanigaupalika@gmail.com

रुपनी गाउँपालिकाको प्रथम बैठकका निर्णायहरु ।

१. रुपनी गाउँपालिकामा स्थानिय तह सदस्य निर्वाचन २०७९ शान्तिपुर्ण रुपमा सम्पन्न गराउन सफल भएकोमा निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय लगायत निर्वाचनमा संलग्न सम्पुर्ण कर्मचारी, सुरक्षा निकाय, शिक्षक लगायत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा नव निर्वाचित रुपनी गाउँकार्यपालिका हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णाय गरियो ।

२. स्थानिय तह निर्वाचन शान्तिपुर्ण रुपमा सम्पन्न गराउन अमुल्य सहभागीता जनाउनुहुने रुपनी गाउँपालिकाका सम्पुर्ण गाउँबासी, मतदाता, नागरिक समाज, बुद्धिजिवि, सञ्चार जगत सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, निर्वाचनमा सहभागी सम्पर्ण राजनैतिक दलहरुमा रुपनी गाउँकार्यपालिकाको नव निर्वाचित गाउँकार्यपालिकाको प्रथम बैठकबाट हार्दिक आभार एवम् कृतज्ञाता ज्ञापन गर्ने निर्णय गरियो ।

३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत लाभग्राही पहिचानका लागि वडामा पठाईएको लाभग्राही छनौट फारमको सम्पुर्ण विवरण सहित भरी आवश्यक कागाजात सहित मिति २०७९/०२/३० गते भित्र वडा कार्यालयहरुबाट गाउँकार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

४. रुपनी गाउँपालिका अन्तरगत रहेका तपशिलका स्थानहरुमा विभिन्न नदीहरुबाट हुने कटानको नियन्त्रण तथा आवश्यक व्यवस्थापन गर्न जिल्ला विपद व्यवस्थापन समिति राजविराज, सप्तरी मार्फत खाँडो नदी नियन्त्रण आयोजना तथा सम्बन्धित सरोकारवाला निकायहरुमा लेखि पाठाउने निर्णय गरियो ।

तपशिल

१. ईसलामपुर बस्ती (भेडी वथान) रुपनी १ खाँडो खोला नियन्त्रण
२. रुपनी १ चौधरी टोल खाँडो खोला नियन्त्रण
३. घोरदह नदी नियन्त्रण रुपनी ४
४. दुधैला खोला नियन्त्रण रुपनी ६ जोगमोहन
५. शनि मन्दिर कटान नियन्त्रण रुपनी ६
६. खाँडो खोला नियन्त्रण रुपनी ५ बसविट्टी
७. बुधिया नदि नियन्त्रण (मुतनी नदी) रुपनी ३
८. खाँडो नदी तथा घोरदह नदी नियन्त्रण रुपनी २

५. रुपनी गाउँपालिका रुपनी बजारको प्लट सम्बन्धका सम्पुर्ण मुद्दाहरु हाल कुन कुन अवस्थामा रहेका छन् सोको कागाजात झिकाई अध्यन गरी गाउँकार्यपालिकाको तर्फबाट सम्बन्धित अदालतमा प्रतिउत्तर लगाउने निर्णय गरियो ।

६. रुपनी गाउँपालिकामा रहेका जिन्सी समान, सवारी साधनहरुको विवरण प्रयोग कर्ता हालको अवस्था तथा समाग्रीहरु लागयतका विवरण र गाउँकार्यपालिकामा कार्यारत (स्थायी, करार, ज्यादारी ) कर्मचारीहरुको विवरण तथा जिम्मेवारी सहितको विवरण पेश गराउने निर्णाय गरियो ।

७. रुपनी गाउँपालिकाबाट चालु आ.व.मा संचालन हुने शर्शत अनुदान, गा.पा. स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रमहरु सम्झौता कायदिश भई कार्यसम्पन्न नभएका योजनाहरु तोकिएको समय भित्र कार्यसम्पन्न गर्न गराउन वडा कार्यालयहरुमा पत्रचार गर्ने निर्णय गरियो